“पर्यटन,पुर्वाधार,कृषि क्षेत्रमा लगाऔ सिप र ज्ञान समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान”

# आर्थिक वर्ष २०७९/८०

# को




# {बजेट वक्तव्य}

## पञ्चकन्या गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## २०७९

गाउँसभावाट स्वीकृत मिति २०७९/०३/११ गते

गाउँसभाको बैठकमा २०७९ साल असार १० गते शुक्रवार

उपाध्यक्ष बिमला के.सी. ले

प्रस्तुत गर्नु भएको

# आार्थिक बर्ष २०७९/०८० को

# बजेट वक्तव्य

पञ्चकन्या

पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
२०७९

**सम्माननीय अध्यक्ष महोदय**

सदियौं देखी एकात्मक राज्य व्यवस्था सञ्चालन गर्ने मुलुकको रुपमा रहदैं आएको नेपाल संघियता कार्यान्वयनको चरणमा पुगेको पनि आज पाँच वर्ष बिति सकेको छ । विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेको बलिदान पूर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगाएत अन्य सवै आन्दोलनवाट प्राप्त उपलब्धीहरुको रुपमा हामीले प्राप्त गरेको पञ्चकन्या गाउँपालिकालाई आत्मानिर्भर वनाई अघि वढ्ने काम जटिल र चुनौतीपुर्ण अवश्य छ , तर यसलाई नमुना पञ्चकन्या निमार्णको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि वढ्नुको अर्को विकल्प छैन ।

आज असार १० गते, स्थानिय तहको स्थापना भएको पाँच वर्ष पुरा भए भएपछि म यस पञ्चकन्या गाउँपालिकाको उपाध्यक्षको हैसीयतले यस गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट पेश गर्न उभिएको छु । यस गौरव पुर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरीकहरु प्रति सम्मान प्रकट गर्दछु ।

नेपालको संबिधान २०७२ अनुसार गठित स्थानीय सरकारको भर्खरै दोस्रो कार्यकालको लागि स्थानीय तहको निर्बाचन सम्पन्न भएको छ । यो निर्बाचन सफल गर्न लागि पर्ने आम पञ्चकन्यावासी मतदाता, राजनैतिक दल, कर्मचारी लगायत सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

राजनैतिक क्षेत्रमा हामिले ऐतिहासिक फड्को मारेका छौं । राजनैतिक परिबर्तनका ऐतिहासिक खुटकिलाहरु पार गरेका छौं । गणतन्त्र स्थापना तथा यसको संस्थागत बिकासको कोसे ढुंगाको रुपमा स्थानीय तहको सचालनको लागि  स्थानिय तहको दोस्रो निर्वाचन पनि सम्पन्न भई स्थानिय शासन र विकास निर्माणमा प्रत्येक नागरीक आफैं संलग्न हुने वातावरणमा बढोत्तरी भएको छ । शासन प्रक्रियामा आम नागरिकको सहभागिताले  आर्थिक सामाजिक रुपान्तरणको अवशरको रुपमा उपयोग गर्ने आम जन चाहनालाई मुर्त रुप दिने नै छ ।  अबको हाम्रो स्पस्ट गन्तब्य वाटो भनेको तीब्र आर्थिक विकास, उन्नत सामाजिक रुपान्तरण नै हो । आत्मानिर्भर र स्वाधिन अर्थव्यवस्था हाम्रो प्रस्थान बिन्दु हो, समाजवाद उन्मुख अर्थतन्त्र मार्फत सुखी नेपाली र समृद्ध नेपाल हाम्रो गन्तब्य  हो । यसको लागि हामी आफैले शुरुवात गर्नु पर्दछ । यो अभियान हाम्रै पन्चकन्याबाट हुनु पर्दछ । यसको नेतृत्व हामी आफैले गर्नु पर्दछ ।

स्थानिय तहको गठन पश्चात आफ्नो गाउँठाउँको विकासमा जनताको सहभागिता र अपनत्व वृद्धि भएको छ । आबधिक निर्बाचन लोकतन्त्रको गहना हो । स्थानीय तहलाई एक दिन पनि जनप्रतिनिधि बिहिन हुन नदिई भरखरै स्थानीय तहको निर्बाचन सम्पन्न भएको छ । यस अवसरमा स्थानिय तहको निर्वाचनमा सहभागिता जनाई निर्वाचन लाई सफल वनाउदै लगातार जनसेवा गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण पञ्चकन्या वासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । यो निर्बाचनमा खटिएका कर्मचारीहरु र नागरिक समाज प्रति आभार ब्यक्त गर्दछु ।

आर्थिक समृद्धितर्फको यात्रामा अग्रसर हुने योजना नै बजेट हो । सबै स्थानीय सरकारले वार्षिक वजेट असार १० गते भित्र गाउँसभामा प्रस्तुत गर्नुपर्ने संबैधानिक कानुनी वाध्यता छ । नेपालको संबिधान तथा कानुनले स्थानिय तहले पाएको संवैधानिक अधिकार, १५औं योजनाले परिलक्षित गरेको सुखी नेपाली, समृद्ध नेपालको दिर्घकालिन सोचलाई आत्मासाथ गरि चालु योजनाका लक्ष्यहरु, उद्धेश्यहरु तथा संयुक्त राष्ट्रसंघमा नेपालले गरेको प्रतिबद्धता अनुसार दिगो विकासको लक्ष्यहरु SDG 2030 हासिल गरी सन् २०३० सम्ममा नेपाल लाई न्युन आए भएको मुलुकबाट मध्ययम आय भएको मुलकमा पुग्ने अभियानलाई थप टेवा पुग्ने गरी यस गाउँपालिकाको वजेट विनियोजन गरेको छु ।

देशको कमजोर आर्थिक वृद्धि दर, बढ्दो मुद्रास्फीति, तथा बैदेशिक घाटा ब्यापार, भुकम्पवाट पुगेको भौतिक मानबीय क्षति जस्ता बिषयले पञ्चकन्या गाउँपालिका पनि पिडा विहिन अवस्थामा रहन सकेको छैन । तथापी सीमीत अन्तर सरकारी वित्तिय हस्तान्तरण वाट प्राप्त अनुदान र सामान्य आन्तरीक राजश्वको संयोजन र जनप्रतिनिधिको दृढ इच्छा शक्तिको कारण पनि जनआकांक्षा पुरा गर्ने खालका योजना तथा कार्यक्रमहरु तर्फ वजेटलाई डोर्याउने प्रयास भने अवश्य गरेका छौं । सिमित श्रोत र साधनलाई अधिकतम् प्रतिफल मुखी योजनाहरु छनौट होस भन्ने चाहनाका साथ कार्यक्रम तथा बजेट बिनियोजन गरिएको छ ।

यो वजेट तयार गर्दा सम्म यस गाउँपालिकालाई सहयोग गर्ने विकास साझेदारहरुले केहि रकम दिने प्रतिवद्धता जनाई सकेको अवस्थामा यस्ता सहयोगी साझेदारहरु संग निरन्तर संवाद जारी रहेको हुदाँ आर्थिक वर्षको विचमा प्राप्त हुने थप रकमहरुलाई पुरक अनुमान वाट खर्च गर्न सक्ने ब्यवस्था गरी म्याचिङ फण्डको समेत ब्यवस्था गरेको छु ।

भौगोलीक विकटताको वावजुत आन्तरीक र वाह्य पर्यटन विकास मार्फत आर्थिक समृद्धिको ढोका खोल्न सक्ने अवशरहरु हाम्रा सामु रहेका छन् । यसै क्रममा विगत पाँच वर्ष देखिको हाम्रो अथक प्रयासबाट प्रधानमन्त्री रोजगार कार्यक्रममा प्राप्त बजेटको उचित सदुपयोग गर्दै स्थानीस्तरकै जनताको आय समेत बृद्धिहुने गरी पन्चकन्या ४ थप्रेक घ्याङस्वरा क्षेत्रलाई नमुना पर्यटन ग्रामको रुपमा पुर्बाधारहरु हामीले निर्माण गरि रहेका छौ । जन आन्दोलनको क्रममा यस पञ्चकन्या गाउँपालिकाबाट आफ्नो ज्यानको आहुति दिने महान सहिदहरुको

सालिक समेत स्थापना गरेर घ्याङस्वरालाई थप आर्कषण बनाउने प्रयास गरिएको छ। आगामी दिनमा नेपालका सबै राजनैतिक आन्दोलनमा रहेका शहिदहरुको स्मरण रहने गरी राष्ट्रिय बिशेष शहिद पार्क पन्चकन्यामा निर्माण गरी नेपालका लाखौ शहिदका परिबारलाई समेत यो क्षेत्रमा आन्तरिक पर्यटकको रुपमा भित्र्याउन सामुदायिक होमस्टे, शभा हल, संग्रालय तथा हरेक शहिदका नाममा बृक्षारोपण तथा बृक्ष हुर्काउने, खेल मैदान, बाल गृह, हरित वातावरण, जिप लाईन जस्ता पूर्वाधारहरु यस क्षेत्रको विशेष आर्कशणको रुपमा लिईएका छौ र यसको लागि स्थानीय सरकार, निजि क्षेत्र, गैर सरकारी संघ संस्था समेतको सहकार्यमा योजनाहरु संचालन गर्नको लागि बजेट बिनियोजन गरेको छु। संभवत यस वर्ष सम्ममा घ्याङस्वरा क्षेत्र पूर्ण पर्यटकिय क्षेत्र बन्ने कुरामा हामी विश्वस्त छौ। यस पछि हाम्रो पञ्चकन्या गाउँपालिकामा रहेका अन्य पूरातात्वीक धार्मीक क्षेत्रहरुको पहिचान गरि यसरीनै पर्यटकिय क्षेत्र बनाउदै लैजाने हाम्रो लक्ष्य रहेको छ। कृषि र जलविद्युतको विकास वाट स्वावलम्वी अर्थतन्त्र निर्माण गर्न सक्ने हैसियत समेत यस गाउँपालिकाले राखेको छ त्यसैले यस्ता क्षेत्रहरुको परिस्करण गर्दै गाउँपालिकालाई नमुना वनाउने अभियानलाई सार्थकता प्रदान गर्ने वाटो तर्फ वजेटलाई डोर्याउने प्रयास गरेको छु।

यस गाउँपालिकाको आफ्नै आर्थिक ऐन समेत बनाईसकेको सर्न्दभमा यसवाट प्राप्त आन्तरिक आयवाट आउँदा दिनहरुमा भविस्यका मार्गचित्रहरु कोर्नको लागी थपवल अवश्य पुग्नेछ। यस्ता ऐन, नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत सृदृढिकरणको क्षेत्रलाई समेत समेट्ने गरी वजेटलाई मुर्तता दिने काम गरेको छु।

ऐतिहासिक स्थानिय तहको पहिलो निर्वाचन सम्पन्न पश्चात स्थानिय सरकारले तर्जुमा गरेको पहिलो, दोस्रो, तेश्रो, चौथो र पाँचौ बजेटमा समेटिएका यस गाउँपालिक र सो अन्तर्गतका वडाहरुमा संचालित योजनाहरुमा नै पूँजीगत खर्च ८० प्रतिशतको हाराहारीमा हुने अवस्था देखीनुले आगामी आ. व. मा यसमा अझै सुधार गरेर अघि बढ्न सक्ने मार्ग प्रशस्त देखिन्छ। स्थानिय तह जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य सँगै विगतमा योजना सम्पन्न गर्न आईपरेका समस्याहरुलाई स्थानिय सरकारको आगमनले सहज रुपमा समाधान हुँदै जाने कुरामा विश्वस्त छु।

**सम्माननीय अध्यक्ष महोदय,**

यी सवै सकरात्मक उपलब्धी हुंदा हुँदै पनि पञ्चकन्याको स्थानीय अर्थतन्त्र चुनौती रहित भने छैन। अर्थतन्त्रमा देखिएका मुलभुत चुनौतीहरु यसप्रकार प्रस्तुत गरीएको छ :-

- शताब्दियौं देखी एकात्मक राज्यप्रणालीको अभ्यास गरेका हाम्रा लागी संघियता व्यवस्थापन नौलो प्रयोग हो । स्थानिय तहको संस्थागत, प्राविधिक र स्रोत परीचालन क्षमता वृद्धि गर्ने तथा यसको पुर्वाधार निर्माणका लागी आवश्यक स्रोत व्यवस्था गर्ने कार्य चुनौती पुर्ण छ ।
- आयोजना छनौटमा हुने विशेषज्ञको अभाव, कानुनी, नीतिगत र प्रक्रियगत जटिलताका कारण आयोजनाहरु समयमा सम्पन्न हुन सक्ने अवस्था छैन । तसर्थ विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य वमोजीम कार्यसम्पादन गर्नु चुनौतीपुर्ण रहेको छ ।
- जनताप्रतीको जिम्मेवारी र उत्तरदायित्वप्रतिको सचेतना विना स्थानिय तहवाट दिईने सेवाको सहज प्राप्ति हुन सक्दैन तसर्थ कानुनको परीपालना ,सेवा प्रवाहमा प्रभावकारीता , सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता ल्याउन चुनौतीपुर्ण छ ।
- भौगोलिक विविधताले विकासको समन्यायीक बाडँफाड गरि गाउँपालिका भित्रका सबै क्षेत्रबाट एकैनासे प्रगती हासिल गर्ने कुरा चुनौती पुर्ण छ ।
- राज्यबाट कर्मचारी समायोज भईसक्दा पनि कर्मचारीको तालमेल राज्यले मिलाउन नसक्दा, कर्मचारी व्यवस्थापनमा प्रदेश कानुन स्पस्ट रुपमा नआउँदा स्थानीय तहले कर्मचारीको अभावमा भोग्नु परेको सास्ती पनि कम्ती चुनौतिपूर्ण छैन ।
- बिकासको आयोजना संचालन गर्न श्रोत साधनको उपलब्धता हुनु पर्दछ । बित्तिय हन्तान्तरण र शशर्त अनुदानमा निर्भर पन्चकन्या गाउँपालिका आफनै आन्तरिक आयको लागि रुमलि रहेको छ । स्थानीय कर क्षेत्र, कर सचेतना तथा करको दायरामा आम नागकिरकलाई सहभागि गराउनु कार्य पनि चुनौतीपूर्ण रुपमा रहेको छ ।

**सम्माननीय अध्यक्ष महोदय,**

हाम्रा सामु विभिन्न चुनौतीहरु रहेता पनि स्थानिय सरकारको अवधारण पश्चात आगामी दिनमा यस क्षेत्र भित्र हुने आर्थिक क्रियाकलापका कारण उच्चदरको आर्थिक वृद्धि हुने आधार तय भएको छ । यस परिप्रेक्ष्यमा स्वायत्त स्थानीय सरकारको हैसियतमा विद्यामान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको वजेट  तयार गरेको छु । यो वजेटको उदेश्यहरु यसप्रकार प्रस्तुत गरेको छु ।

☞ संघियता कार्यान्वयनमा सहयोग गर्ने,

☞ दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने,

☞ गाउँपालिकावाट प्रदान गरीने सेवामा नागरीक पहुँच वृद्धि गर्ने,

☞ स्थानिय सरकारको अनुभुती हुने गरी सेवा प्रवाह गर्ने,

☞ विकासका क्रियाकलापहको समन्यायीक वितरण गर्ने,

- ☞ स्थानिय सरकारको विकास सम्वन्धि योजना र कार्यक्रमहरुमा नागरिकको अपनत्व विकास गर्ने,
- ☞ विविध कारणले पछि परेका वा पारिएका वर्गहरुलाई मुलप्रवाहीकरण गरी राज्य सञ्चालनको मुलधारमा समावेश गराउने,
- ☞ उपभोक्ता समिति मार्फत गरिने आयोजनाहरुलाई जनतामूखि एवं नतिजामुखी बनाई अनुगमनको पाटोलाई व्यवस्थित र उत्तरदायिमुखी बनाउने,
- ☞ स्थानीय शुशासनको प्रबर्द्धन गर्ने
- ☞ स्थानीय क्षेत्रमा आय र रोजगारी अभिबृद्धि गर्ने
- ☞ गरिबी निबारण तथा सामाजिक आर्थिक शशक्तिकरणको माध्यामबाट समाजबादको गन्तब्य उन्मुख रहने

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागी आगामी आर्थिक बर्षको वजेटका प्राथमिकताहरु देहाय वमोजीम निर्धारण गरेको छु ।

- ➢ संघियता कार्यान्वयन
- ➢ रोजगारीको अवसरमा वृद्धि
- ➢ सडक निर्माण र स्तरोन्नती
- ➢ गाउँपालिकाको भौतिक विकास
- ➢ शिक्षा, स्वास्थ्य,खानेपानी र सरसफाईमा लगानी
- ➢ पर्यटन पुर्वाधारको विकास तथा प्रवर्द्धन
- ➢ सार्वजनीक प्रशासन र सेवा प्रवाहमा सुधार
- ➢ कृषिको व्यवसायिकरण, आधुनीकिकरण, यान्त्रिकरण र वैज्ञानिकरण
- ➢ कृषिजन्य तथा पशुजन्य उत्पादनको भण्डारण तथा वितरण
- ➢ सामाजिक सुरक्षाको सुनिश्चितता

**सम्माननीय अध्यक्ष महोदय,**

अव म वार्षिक वजेट तर्जुमा गर्दा लिएका आाधारहरु प्रस्तुत गर्न चाहान्छु

१) नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसुची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु

२) नेपाल सरकारको विनियोजन अध्यादेश २०७८ का प्राथमिकताहरु

३) नेपाल सरकारको आर्थिक वर्ष २०७९ /०८० को वजेट वक्तव्य



प्रस्तावित

४) वागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र वजेट वक्तव्य

५) नेपाल सरकारको आर्थिक अध्यादेश २०७८

६) स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु

७) स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४

८) विगत वर्षहरुमा गाउँ सभा र कार्यपालिकावाट पारित निर्णयहरु

९) सरोकारवालाहरुवाट प्राप्त राय सुझावहरु

१०) पालिका स्तरिय सर्वपक्षिय बैठकबाट प्राप्त सुझावहरु

१०) स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति तथा विषयगत समितिहरुवाट प्राप्त राय , सल्लाह र सुझावहरु

११) लेखा परिक्षण प्रतिवेदनले औंल्याएका सुझावहरु

१२) दिगो विकासका लक्ष्यहरु

१३) नेपालको १५ औं पञ्च वर्षिय योजना

१४) संघीय अर्थ मन्त्रालयको स्थानीय तहका लागी बजेट सुझाव

१५) वागमती प्रदेशको पहिलो आवधिक योजना

१६) साझेदार निकायसंग भएका द्धिपक्षिय सहमती दस्ताबेजहरु

१७) नागरिक समुदायले दिएका सुझाव तथा सल्लाहरु

प्रारुप

**सम्माननीय अध्यक्ष महोदय,**

अव म यीनै चुनौती उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष ०७९/८० को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**संघियता कार्यान्वयनः**

नेपाली जनताको बलीदान पुर्ण संघर्षवाट प्राप्त संघियता कार्यान्वयन गर्न आवश्यक भौतिक संरचनाहरुको निर्माण, आफ्नै स्थानिय तहको ऐन, कानुन,नीति नियमावली र कार्यविधिहरु

निर्माण गरी नागरीकलाई सेवा प्रवाह गरिनेछ । आफ्नै न्याय प्रणालीमार्फत स्थानिय स्तरमा न्यायीक कार्य संम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ । यस संगै मागमा आधारीत र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकासका गतिविधिहरु संचालन गरि यस क्षेत्रका जनाताको चरम गरिवी न्यूनिकरण गर्ने प्रमुख नीतिलाई प्रभावकारी वनाउन आवश्यक वजेट विनियोजन गरेको छु ।

नेपालको संविधानको अनुसुचि-८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानिय तहवाटै संञ्चालन हुने गरी भएका वित्तिय हस्तान्तरणको माध्यमवाट स्थानिय सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने गरी रकम विनियोजन मार्फत गाउँमानै सिंहदरवारको अनुभुती हुनेगरी बजेटको लागी संघिय तथा प्रादेशिक विभाग र मन्त्रालय धाउन पर्ने अवस्थाको अन्त्य गरेको छु ।

**कृषि तथा पशु :**

मुलुकको कुल गार्हस्थ उत्पादनमा करिब ३० प्रतिशत योगदान गर्ने र दुई तिहाई नेपालीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यवसायिकरण, आधुनिकिकरण, यान्त्रिकीकरण र वैज्ञानिकीकरण बिना समग्र देश तथा पञ्चकन्याको अर्थतन्त्रमा गुणात्मक सुधार हुन सक्दैन भन्ने मेरो मान्यता छ । त्यसैले कृषि क्षेत्रलाई परिस्कृत वनाउँदै उत्पादनमा वृद्धि गर्न तथा कृषि प्रणालीलाई वैज्ञानिक, व्यवसायिक र वातावरण तथा जलवायु अनुकुलित वनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्न रु. १ करोड २८ लाख साठी हजार पशुपालन पेशालाई सहज बनाउने प्रक्रियाको निरन्तरता दिन एक वडा एक घाँसको श्रोत केन्द्र स्थापना ,एक वडा एक गोदाम,एक ३ वडामा दुग्ध संकलन केन्द्र ,पशु सेवा केन्द्र स्थापना तथा विक्रिमा अनुदानको नीतिलाई अवलम्वम्वन गर्न **भुमि बैंक**को अवधारण **वेरोजगार यूवालाई माटो उपहार, यूवा प्रोत्साहन कोष , उत्कृष्ट कृषक सम्मान ,कृषकको ग्राहक स्थानीय सरकार कार्यक्रम तथा कारोवारमा आधारित अनुदान** जस्ता कार्यहरुको थालनी गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सडक यातायात तथा झोलुङ्गे पुल :**

सम्रग आर्थिक सामाजिक क्रियाकलापहरु विस्तार गर्ने, सेवा प्रवाहामा पहुँच वृद्धि गर्ने, गाउँपालिकाको कार्यालयलाई वडा कार्यालयहरु संग जोड्ने तथा गाउँपालिकामा रिङरोड निर्माण गर्ने परिकल्पना अनुरुप नयाँ सडक निर्माणको थालनी तथा पुराना सडकहरुको स्तरोन्नती गर्ने योजना स्वरुप सडक यातायातको लागि रु. १४ करोड ३६ लाख ९२ जहार छुट्याएको छु । तथा गाउँपालिका भित्रका प्रत्येक वडाहरुलाई वाह्र महिना सडक संचालन गर्न सकिने गरि सडक स्तारोन्नती गर्न, पञ्चकन्या गाउँपीलकामा सडक कालोपत्रे गर्ने कार्यको शुरुवात भई सकेको छ

। छहरे राष्ट्रिय मा.वि हुदैं गाउँपालिका जोड्ने सडक कालोपत्रे गर्ने कार्यको यसै आ.ब.मा सम्पन्न हुने भएको छ र थप सडकहरु कालो पत्रे तथा स्तरोन्तीको लागी प्रदेश सरकार संग म्याचिङ फण्डमा कार्य अगाडी बढाएको छु । आवश्यक खहरे खोलाहरुमा झोलुङे पुल निर्माण गर्न संवन्धीत निकाय संग पहल गरेको छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

पञ्चकन्या गाउँपालिका वडा नं १, २, ३, ४ र ५ मा दिगो खानेपानी वितरणको अभावमा स्वच्छ र शुद्ध खानेपानी सुविधावाट यस क्षेत्रका नागरिक वन्चित रहनु परेको तथ्य यहाँलाई अवगत नै छ । यसै कुरालाई मध्यनजर गर्दै यस आर्थिक वर्षमा यस गाउँपालिका भित्र खानेपानीको सहज उपलब्ध गराउने उद्धेश्यले खानेपानी तर्फ रु १ करोड ८७ लाख ७० हजार रकम विनियोजन गरेको छु । विनियोजित रकमबाट साना खानेपानी आयोजनाहरु मात्र सम्पन्न गर्न सकिने हुँदा यसले यस क्षेत्रका जनताको माग बमोजिमको खानेपानी आपुर्ति हुन नसक्ने देखिएकोले एक घर एक धाराको नीति अनुरुप लगानी गर्न इच्छुक विकास साझेदारहरु Maltrasure Intenation मालटेजर इन्टरनेसनल , UNICIF, DFID, RUDEC Nepal, Room to Read Nepal, GNI Nepal, CARDSON Nepal, SCAI Nepal, KCDC Nepal, WFP Nepal, KOSIS Nepal, RSDC Nepal वन हर्ट इन्टरनेसनल लगायतका अन्य गैरसरकारी संस्थाहरुसँग सम्वाद गरी यस आर्थिक वर्षको विचमा विकास साझेदारहरु वाट प्राप्त हुने रकममा गाउँकार्यपालिकाको पुँजिगत रकमवाट थप रकम समपुरक कोषमा छुट्याएर ठुला खानेपानी आयोजना सम्पन्न गर्ने वाटो समेत खुल्ला राखेको छु ।

**स्वास्थ्य :-**

सबै पञ्चकन्याबासीले गुणस्तरीय स्वास्थ्य सेवा सुलभ दरमा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले म स्वस्थ मेरो गाउँ स्वस्थ, गाउँघर क्लीनीक, **संस्थागत सुत्केरी गाउँपालिका** घोषण गर्ने अभियानलाई पुर्णता दिनको लागि **Birthing At Health Center** जस्ता कार्यक्रमहरु संचालनमा ल्याउन तथा महिला स्वास्थ्य स्वयंसेवीकाहरुको क्षमता वृद्धि कार्यक्रम संचालन तथा मुटु रोगी, मृगौला र क्यान्सर रोगीहरुको अप्रेशन गर्न पर्ने अवस्थामा जनही रु ५० हजार सम्म सहयोग दिन सक्ने गरी आगामी आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रको लागि जम्मा रु. ४ करोड ४ लाख ८ हजार विनियोजन गरेको छु ।

सृष्टिको सञ्चालिका नारीको सुत्केरी अवस्था र नवजात शिशुको शारिरिक स्थास्थ्य समस्यामा सुधार ल्याउन **“ गर्ववती तथा सुत्केरीको साथी उपाध्यक्ष”** कार्यक्रम संचालन गर्दै मातृ शिशु मृत्युदर न्युनिकरण गर्न पौष्टिक आहार र न्यानो झोला वितरण कार्यलाई प्राथमिकताका साथ कायम राख्दै माथिकै सिमाबाट रु ६ लाख विनियोजन गरेको छु । बल्ड बैंकको संचालन,

पि.सि.आर परिक्षण जस्ता  शिर्षकहरुमा खर्च गर्ने व्यवस्था मिलाएको छ । यस आ.ब. बाट बच्चा जोख्नुस नुन बोकी स्वास्थ्य कर्मी संग पोषण परामर्श लिनुस कार्यक्रम थप गरेको छ ।

यस गाउंपालिकाले बागमति प्रदेश सरकार र आर एस डिसी  तथा मालटेजर इन्टनेसनलबाट २ बटा एम्बुलेन्स यस आ.ब.मा प्राप्त गर्ने हुदा उक्त एम्बुलेन्स संचालन गर्न कार्यबिधि बनाई लागु गर्न बजेट समेत बिनियोजन गरेको छ ।

गाउपालिक स्तरीय अस्पतालको लागि भवन निर्माणको ऋमा रहेको हुादा १५ बेडको आफनै पालिका अस्पताल समेत यसै बर्षबाट बहु क्षेत्रको साझेदारीमा संचालन गर्न समेत बजेट बिनियोजन गरेको छ ।

काममा खटिएका शिक्षक कर्मचारीहरुको समेत बर्षमा एक पटक निशुल्क पालिका अस्पतालमा स्वास्थय जााच हुने ब्यबस्था गरेको छ ।

८० बर्ष माथिका जेष्ठ नागरिकलाई स्वास्थ्य उपचार खर्च बापत मासिक रु १००० दिने गरी जेष्ठ नागरिक स्थानीय भत्ता समेत ब्यबस्था गरेको छ ।

यस बर्ष देखी पन्चकन्या गाउापालिकाको सबै बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीहरुको निशुल्क बार्षिक स्वास्थ्य परिक्षणका लागि सामाजिक संघ संस्था समेत साझेदार रहने गरी कार्यक्रमहरुको लागि बजेट बिनियोजन गरेको छ ।

महिला स्वास्थ्य स्वयम सेवीकाहरुका लागी प्रदेश सरकारले प्रदान गर्दै आएको  प्रोत्साहान भत्ता लाई यस गाउ पालिकाले थप गरी प्रोत्साहन भत्ता स्वरुप यस आ.ब. बाट मासिक रु. ३००० का दरले प्रदान गर्ने ब्यवस्था मिलाएको छ ।

**शिक्षा :-**

विद्यालय शिक्षालाई समतामुलक र गुणस्तरीय वनाउँदै विद्यालयको व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्ने गरी विद्यालय क्षेत्र विकास कार्यकम स्थानिय तहवाटै  संचालन हुने हुँदा यसका लागी आ.व. २०७९/०८० मा यस क्षेत्र भित्रका शैक्षिक संस्थाहरुलाई भौतिक रुपले सक्षम वनाउन, स्वयंसेवक शिक्षक कार्यक्रमको निरन्तरता प्रदान गर्न, नमुना र प्राविधिक विद्यालय सञ्चालन गर्न ,विभिन्न शैक्षिक तालिमहरु संचालन गर्न साथै निवृत्त हुने शिक्षकहरुलाई गोल्डेन ह्याण्डशेक, प्रारम्भिक बाल बिकाश सहजकर्ता तथा विद्यालयका कर्मचारीहरुलाई संघिय सरकारको नीति अनुसार पारिश्रमीक बृद्धि गरी तलब भुक्तानी गर्न समेतका लागी रु २१ करोड ६ लाख ३ हजार छुट्याएको छ ।

शिक्षा एउटा त्यस्तो हतियार हो जसले विश्व वदल्न सक्छ त्यसैले कुनैपनि नागरिकले शिक्षा जस्तो मौलिक हकवाट वञ्चित हुनु नपरोस् भन्ने ध्येयले पारिवारिक र आर्थिक समस्याको कारणवाट विद्यालयको शैक्षिक ज्ञान प्राप्त गर्नवाट वञ्चित टुहुरा र दलित वाल वालिकालाई शिक्षाको मन्दिरमा प्रवेश गराउन **"टुहुरा र दलित वालवालिकाको साहारा अध्यक्ष"** कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यको निरन्तरताको लागि माथिकै सिलिङबाट रु.२ लाख विनियोजन गरेको छु ।

पन्चकन्या गाउंपालिकाका कुनै पनि नागरिकले गरिबीको कारणबाट पढने अवसर गुमाउन नपरोस भन्ने उद्धेश्यले गैर सरकारी क्षेत्र समेतको सहभागितामा बिशेष शैक्षिक प्रायोजन कार्यक्रम शुरुवात भएको छ । आगामी बर्ष सम्म १००० जनालाई बिशेष छात्रबृत्रि कार्यक्रको लागि पन्चकन्या गाउपालिकाले साझेदारी सहकार्यको लागि रकम बिनियोजन गरेको छु ।

**संस्कृति र पर्यटनः-**

पञ्चकन्या गाउँपालिकालाई उत्कृष्ट पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पर्यटकिय प्रचुरता भएका प्रमुख स्थलहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने र पर्यटकीय पदयात्रा मार्ग निर्माण तथा विकासको कार्यकमलाई प्राथमिकता साथ अघि वढाउन आवश्यक बजेट छुट्याएको छु ।

हाम्रो गाउँपालिकाको पहिचानको रुपमा रहेको हाम्रो कला, सभ्यता र मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन मार्फत पर्यटन ब्यवसायलाई थप टेवा पुगोस् भन्ने अठोटका साथै देशलाई आजको स्थितीसम्म ल्याईपुर्‍याउन ईतिहासका विभिन्न काल खण्डमा भएका पञ्चायत आन्दोलन दश वर्ष शसस्त्र संर्घष , २०६२/६३ को जनआन्दोलन , मधेस आन्दोलनहरुमा रगतले मातृभुमिलाई सिंचित गर्दै प्राणोत्सर्ग गर्ने यस गाउँपालिका भित्रका सम्पुर्ण महान शहिदहरुको सम्मानमा घ्याङस्वारामा संयूक्त सहिद स्मारक निर्माण कार्य तथा समग्र यस क्षेत्रको लागि पुजिगत तर्फबाट गरि जम्मा रु. १ करोड २७ लाख ८० हजार विनियोजन गरेको छु ।

**लक्षित कार्यकम :-**

महिला, वालवालिका, दलित, अल्पसंख्यक जस्ता वर्गहरुलाई आर्थिक सामाजिक सशक्तीकरण मार्फत गाउँपालिकाको विकास निर्माण लगायतका अन्य क्षेत्रमा समाहित गर्दै स्थानिय शासन संचालनको मुलधारमा प्रवाहिकरण गर्न लक्षित कार्यकक्रमको लागि रु. १ करोड ७१ लाख ७२ हजार रकम विनियोजन गरेको छु । अपांगमैत्री रोजगारीका अवसरहरुको खोजी गरि सफलताको वाधक असमक्षता होईन भन्ने भावना जागृत गराई गाउँपालिका भित्र रहेका अपांगहरुलाई स्वावलम्वन तर्फ उन्मुख गराउन आ.व. २०७६।०७७ देखि सुरु गरिएको

**"अपागं संग जनप्रतिनिधि"** कार्यक्रमको निरन्तरताको लाग समेत माथिकै सिलिङबाट खर्च हुने गरि आवश्यक रकम विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद :**

भविष्यमा खेलकुद मार्फत पञ्चकन्या गाउँपालिकालाई चिनाउन योगदान पुर्‍याउने खेलाडीहरु लाई सम्मान स्वरुप उचित पुरस्कार प्रदान गर्न रु. १० लाख बजेटको व्यवस्था गरेको छु ।

अर्न्तपालिका विच आपसी सद्भाव कायम राख्न तथा विकासका गतिविधिहरुको अनुभव आदन प्रदान गर्न अर्न्तपालिका स्तरिय चौथो पञ्चकन्या **चेयरमेन कप भलिबल** प्रतियोगीताको लागी रु. १३ लाख गरि समग्र खेल क्षेत्रको विकासको लागी रु. ३५ लाख विनियोजन गरेको छु ।

**सुचना प्रविधि र संचार :**

यस गाउँपालिकाको विकासको विषयमा उत्कृष्ट समाचार सम्प्रेषण गर्ने उत्कृष्ट पत्रकार छनौट गरि **उत्कृष्ट विकास पत्रकारीता** पुरस्कार प्रदान गर्न, यस गाउँपालिकावाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी वनाउन प्रयोग गरीने विभिन्न विज्ञापन, पोस्टरिङ, सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम, यस गाउँपालिकाको केन्द्रीय कार्यालय , सम्पुर्ण विषगत शाखा र वडा तहवाट नियमित प्रकाशित हुने सन्देश ,शुभकामना लगायत सुचना सामाग्रीहरुको छपाई तथा प्रसारण गर्ने सञ्चार माध्यामहरुलाई सुचिकृत गरि कार्यपालिकाले तोकेको वार्षिक रकम उपलब्ध गराउने गरि र प्रविधि व्यवस्थापन जस्ता कार्यक्रमहरुको लागी आवश्यक रकम विनियोजन गरेको छु । साथै माथिकै सिलिङवाट खर्च हुने गरि गाउँपालिकाको पहलमा प्राविधिक र योजनागत सफ्टवयर खरिद तथा ब्यवस्थापनको लागी समेत रु. ४८ लाख रकम बिनियोजन गरेको छु ।

**सिंचाई :-**

कृषिको वैज्ञानिकिकरण र आधुनिकिकरण को अभियान त्यतिवेला मात्र गन्तव्यमा पुर्‍याउन सकिन्छ जव प्रत्येक जमिनलाई १२ महिना चल्ने सिंचाई सुविधाले सिञ्चीत गर्न सकिन्छ भन्ने मुल मन्त्रको आधारमा यस पञ्चकन्या गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को वजेटवाट रु. ५२ लाख विनियोजन गरेको छु ।

**भु-क्षय नियन्त्रण तथा विपत् व्यवस्थापन :-**

पहाडी धारिलो जमिनले अधिकांश भु-भाग ओगटेको यस गाउँपालिकामा वर्षायामको वाढि तथा पहिरोवाट सडक, सिंचाई तथा विद्यालयहरुमा पर्न जाने जोखिमहरु न्यूनिकरण गर्दै दिगो विकासको अवधारणलाई मूर्तरुप दिन भु-क्षय नियन्त्रण, बन बातावरण, जलाधार संरक्षण, जल बायू परिवर्तन, जल उत्पन्न प्रकोप ब्यवस्थापन तथा विपद व्यवस्थापनको लागि रु. ६१ लाख ६५ हजार रकम बिनियोजन गरेको छु ।

**भवन :-**

यस आर्थिक बर्षमा **पन्चकन्या गाउँपालिकाको आफनै शान, प्रबधिलि सुसज्जित भवनबाट प्रशासन** भन्ने ध्येयका साथ गाउपालिका भवन निर्माणका तथा सजावटका लागि आबश्यक बजेट बिनियोजन गरको छु । साथै निर्माणाधिन वडा तथा अन्य कार्यालय र सामुदायिक भवनहरु, बिद्यालयहरु समेतको लागि कुल रु ३९ लाख पचास हजार बजेट बिनियोजन गरेको छु ।

**शुसासन प्रबर्द्धन**

**शुसासन लोकतन्त्रको अपरिहार्य मन्त्र हो । स्थानीय जनताले पालिकाको सेवा अनुभुत हुने गरी कार्य गर्न नसकेमा जनता प्रति उत्तरदायित्व निर्बाह गर्न सकिदैन तसर्थ पन्चकन्या गाउँपालिकाले शुसाधन प्रबर्द्धन गर्न आबश्यक बिधि तथा कार्यक्रमको लागि रु. १ करोड ३२ लाख रकम बिनियोजन गरेको छु ।**

**बिबिध तथा भैपरी आउने कार्यक्रमहरु**

मानसिक शुद्धीकरण विना सामाजिक रुपान्तरणको खोजी गर्नु भनेको बन्द अध्यारो कोठामा निदाईरहेको कालो विरालो खोज्नु सरह हो । त्यसैले समाजमा व्याप्त लैंगिक, धार्मिक, जातिय लगायत अन्य कारणबाट मानसिक समस्याले ग्रस्त नागरिकहरुको मनोवैज्ञानिक समस्या सुधार गरि विकासको अभियानमा समावेश गराउन आवश्यक कार्यक्रम संचालनलाई वढोत्तरी गर्नको लागी आवश्यक रकम विनियोजन गरेको छु ।

गाउँपालिका भित्र संचालित योजनाहरुको अनुगमन गरि गुणात्मक नतिजा प्राप्तीको लागि तथा बिकाश प्रकृया र सरसफाई अभियानलाई सहज र सरल ढंगले सम्पन्न गर्न आवश्यक पर्ने सवारी साधन खरिदको लागि आगामी आर्थिक बर्ष २०७९/०८० को आय व्ययको बिबरणबाट रु. १२ लाख विनियोजन गरेको छु ।

कार्यालय सञ्चालनको लागी आवश्यक पर्ने फर्निचर, मेसिनरी औजार खरिद, डि.पि.आर. निमार्ण आई.ई.ई. तयारी विद्युतिय पुर्वाधार निमार्ण लगायतका अन्य क्षेत्रहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

आर्थिक वर्ष २०७९/०८०

## गाउँपालिका स्तरिय पुजिगत योजनाहरु

पुंजिगत खर्च

| क्र.सं. | कार्यक्रमको नाम | आ.व. २०७९/०८० को बजेट | अक्षरमा |
|---|---|---|---|
| १ | सवारी साधन खरिद | १२०० | बाह्र लाख |
| २ | मेसिनरी तथा औजार | ८०० | आठ लाख |
| ३ | आई.इ्.ई | १००० | दश लाख |
| ४ | फर्निचर खरिद | ५००० | पचास लाख |
| ५ | प्रदेश तथा संघिय समपुरक कार्यक्रम | **३७९२१** | तीन करोड उनासि लाख एक्काईस हजार |
| ६ | डि.पि. आर | १५०० | पन्द्र लाख |
| ७ | विद्युतिय पुर्वाधार | १००० | दश लाख |
| ८ | आकस्मिक रुपमा आईपर्ने आर्थिक, सामाजिक, पुर्वाधार, वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास, सेवा पैवाह सुसासन सम्वन्धि योजनाहरु | १०००० | एक करोड |
| ९ | गाउँ पालिका स्तरिय बैकल्पीक उर्जा खानेपानी सडक पूर्वाधार तथा अन्य म्याचिङ फण्ड | १५००० | एक करोड पचास लाख |
| १० | खानेपानी पाइप खरिद | १५०० | पन्ध्र लाख |
| ११ | **सिंचाइ पाइप खरिद** | **१०००** | दश लाख |
| १२ | सबै वडाका सडक सरसफाइ कार्यक्रम | ७००० | सत्तरी लाख |
| १३ | **वडास्तरीय योजनागत कार्यक्रम** | **१४५००** | एक करोड पैतालि लाख |
| १४ | कविलास खोले गाउँ महत वंशको कुलपुजा गर्ने क्षेत्रमा पक्की सिंढी निर्माण कार्य | ३०० | तीन लाख |
| १५ | बोजिनी मरुवा चानरे ओख्ले खाल्ची शंकर प्रसाद मिश्रको घर पछाडी पहिरो नियन्त्रण गर्ने कार्य | १५० | एक लाख पचास हजार |
| १६ | सुन्दरा आ.बि. तारजाली तथा खेलकुद मैदान निर्माण कार्य | १५० | एक लाख पचास हजार |
| १७ | वडा नं ३ स्थित चैतन्यश्वर मन्दिर पुग्ने सडक स्तरान्ती | १०० | एक लाख |
| १८ | वडा नं ४ स्थित खोले फाँट सिंचाई | १०० | एक लाख |

| | | | |
|---|---|---|---|
| १९ | वडा नं ४ स्वास्थ्य भवन मर्मत | १०० | एक लाख |
| २० | वडा नं. ४ स्वास्थ्य भवन खानेपानी ट्याङ्की निर्माण गरि खानेपानी व्यवस्थापन | २०० | दुई लाख |
| २१ | वडा नं.२ स्थित थिङ टोल बस्ती संरक्षण गर्ने कार्य | १०० | एक लाख |
| २२ | उदयजालपा कोलडाँडा गौमति खोला हुँदै ३ नं वडा कार्यालय जोड्ने माटरबाटे स्तरोन्ती | ३०० | तीन लाख |
| २३ | वडा नं. २ स्थीत ढुंगेटार सडक ढलान गर्ने कार्य | ५०० | पाँच लाख |
| २४ | प्राविधिक शाखाको योजनागत सफ्टवयर खरिद तथा व्यवस्थापन | १५०० | पन्द्र लाख |
| २५ | वडा नं. ३ को तलाङ ज्योलिङ्ग गुम्बा निर्माण | ४०० | चार लाख |
| २६ | वडा नं. ४ को त्रिरत्न छ्योलिङ्ग गुम्बा निर्माण | ४०० | चार लाख |
| २७ | वडा नं. ४ को तौली गुम्बा निर्माण | ४०० | चार लाख |
| २८ | वडा नं. २ को चडखालय लाथोक छ्योलिङ्ग गुम्बा निर्माण | ३०० | तीन लाख |
| २९ | पञ्चकन्या मन्दिर निर्माण | ४०० | चार लाख |
| ३० | रबिनको बाटो निर्माण वडा नं. ५ | १५० | एक लाख पचास हजार |
| ३१ | मानेथोक सिंहदेवि जोड्ने सडक निर्माण | ३०० | तीन लाख |
| ३२ | स्कूल डाडा लाकुरी भन्ज्याङ सडक स्तरोनती | ४०० | चार लाख |
| ३३ | स्रोह माने एक्ले माने सडक स्तरोनती | ५०० | पाँच लाख |
| ३४ | आप्रह खानेपानी ट्यांकी निर्माण | २०० | दुई लाख |
| ३५ | शिसिर मिश्रको मन्दिर वडा नं. २ | २०० | दुई लाख |
| ३६ | छापथोक बछला सडक निर्माण | २०० | दुई लाख |
| ३७ | कुंडला मा.बि. मर्मत संभार | २०० | दुई लाख |
| ३८ | बय गाउ सडक स्तरोनती | १००० | दश लाख |
| ३९ | भुमेस्थान मन्दिर निर्माण | १५०० | पन्द्र लाख |
| ४० | कार्की टोल खानेपानी अधुरो योजना संपन्न वडा नं. ५ | २०० | दुई लाख |
| ४१ | गोपाल सिम मैदान लिफ्ट खानेपानी वडा २ | ३०० | तीन लाख |
| ४२ | किटिनी कुवा खानेपानी ट्यांकी निर्माण वडा २ | १५० | एक लाख पचास हजार |
| ४३ | कमेरो कुवा शान्ति चौतारो सिटौला फांट सडक स्तरोनती वडा २ | ४०० | चार लाख |

| | | | |
|---|---|---|---|
| ४४ | रातमाटे हिले खर्क मोटरबाटो स्तोरनती वडा नं. २ | ३०० | तीन लाख |
| ४५ | संगम मिजारको समाज सकृयता यूवा क्लब वडा नं. २ | १०० | एक लाख |
| ४६ | ओम कुमार सिंह ठकुरी वडा नं. ४ तीन सय मिटर सडक निर्माण | १५० | एक लाख पचास हजार |
| ४७ | घडेरी बिक टोल मोक्तान टोल सागीनी मोटरबाटो स्तरोनी | ३०० | तीन लाख |
| ४८ | डि हुंदै कुम्बेश्वर जोगीटार मोटर बाटो स्तरोनती | २५० | दुई लाख पचास हजार |
| ४९ | नामरुङ देवि मन्दिर निर्माण | २०० | दुई लाख |
| ५० | त्रिवेणी धाम घाट निर्माण | ५०० | पाँच लाख |
| ५१ | वडा नं. ४ कुलकुले स्थीत तमाङ ल्होज्याङ घर तथा महिला समुह भवन निर्माण कार्य | २०० | दुई लाख |
| ५२ | गम्बो डाडा आधारभुत विद्यालय कम्पाउण्ड वाल निर्माण कार्य | ३०० | तीन लाख |
| ५३ | छविसे हित वहादुर गौतम खानेपानी व्यवस्थापन | ५० | पचास हजार |
| ५४ | २ नं. वडा कार्यालय भवन मर्मत तथा व्यवस्थापन | ३०० | तीन लाख |
| ५५ | तीनधारे खानेपानी व्यवस्थापन | १५० | एक लाख पचास हजार |
| ५६ | सिके आलडाडा कोइराला पहिरो नियन्त्रण कार्य | १०० | एक लाख |
| ५७ | छविसे आठबीसे लिफ्ट सिचाई मर्मत | १५० | एक लाख पचास हजार |
| ५८ | मिश्रको नर्सरी देखि मिश्र गाउ आले सुबेदी डांडा मोटरबाटो स्तरोनती | ५०० | पाँच लाख |
| ५९ | कुंडुले खोला मुहान गरी जोगीटार सिंचाई | १०० | एक लाख |
| ६० | मठभन्ज्याङ लिफ्ट खानेपानी व्यवस्थापन | ८० | असी अजार |
| ६१ | राउटार गैरी मोटरबाटो ग्रावेल गर्ने कार्य | १५० | एक लाख पचास हजार |
| ६२ | कुखुरे फाट माथिल्लो राक्से फाट माझ कुलो स्तरोनती | १५० | एक लाख पचास हजार |
| ६३ | पञ्चकन्या २ स्थीत ब्रम्हक्षेत्र परिसरमा सिढि निर्माण कार्य | २०० | दुई लाख |
| ६४ | पहिरे खोला मुहानगरी सातमुरे देखि १० मुरे सम्म खानेपानी ईनटेक निर्माण | १०० | एक लाख |
| ६५ | गौमती खोला केउरिनी गरे फाट सिचाई | १०० | एक लाख |

| | | | |
|---|---|---|---|
| ६६ | भुमेस्थान धोबीटार राउटारे सिचाई वडा ३ | १०० | एक लाख |
| ६७ | सामुदायिक संबाद केन्द्र निर्माण वडा ३ | १००० | दश लाख |
| ६८ | मंगला आधारभुत विद्यालय वडा नं. ३ मा घेराबार लगाउने कार्य | १५० | एक लाख पचास हजार |
| ६९ | सिम्ले तल्लो गाउ थापा टोल खानेपानी ब्यवस्थापन वडा नं. ५ | २५० | दुई लाख पचास हजार |
| ७० | बीस मुरे कुकुर चिहान पहिरो नियन्त्रण कार्य | ५०० | पाँच लाख |
| ७१ | भेडाबारी सतारथोक सबीन खतिवडा टोल खानेपानी वडा नं. ५ | ५० | पचास हजार |
| ७२ | नव ज्योती आ.बी मर्मत तथा सुन्दरा देवि मन्दिर सतल मर्मत वडा नं. ५ | ८० | असी अजार |
| ७३ | वडा नं. २ राईगाउ बेसीकठेरी चर्च निर्माण | २०० | दुई लाख |
| ७४ | शिब मन्दीर निर्माण वडा नं. ४ कार्की टोल | २०० | दुई लाख |
| ७५ | स्वांरावेशी साबीक थप्रेक ९८५ ग्रामिण सडक स्तरोनती | ५०० | पाँच लाख |
| ७६ | जाल्पा मन्दीर वडा नं. ४ | २०० | दुई लाख |
| ७७ | वडा नं. २ वेशी कटेरी बिक्रम राईको टोलामा खानेपानी ब्यवस्थापन | २०० | दुई लाख |
| ७८ | वडा नं. २ मोहीपानी धारो अमृत योञ्जनको घर जाने सडक | २०० | दुई लाख |
| | **जम्मा पुंजीगत खर्च** | **११६५८१** | एघार करोड पैसठी लाख एकासी हजार |

## वडा स्तरिय योजनाहरुः

### १ नं. वडा कार्यालय

बजेटः रु हजारमा

| क्र.सं. | योजनाको नाम | आ.व. २०७९/०८० को बजेट | अक्षरमा |
|---|---|---|---|
| १ | खानेपानी | ५०० | पाच लाख |
| २ | विद्यालय | ४०० | चार लाख |
| ३ | स्वास्थ्य | १०० | एक लाख |

| | | | |
|---|---|---|---|
| ५ | गोरेटा बाटो मोटर बाटो स्तररोन्ती तथा निर्माण सरसफई | ५०० | पाच लाख |
| ६ | मठ मन्दिर, पाटिपौवा तथा चौतारा | २५० | दइ लाख पचास हजार |
| ७ | विपत् व्यवस्थापन तथा दैविक प्रकोप | १५० | एक लाख पचास हजार |
| ८ | संघ संस्था निर्माण मर्मत संभार तथा आवश्यक सामाग्री | १५० | एक लाख पचास हजार |
| ९ | कृ तथा सहकारी | ६० | साठी हजार |
| १० | महिला बालबालिका तथा असहाय अशक्त | ५० | पचास हजार |
| ११ | नदि नियन्त्रण | १५० | एक लाख पचास हजार |
| १२ | सामुदाकि बन | ७० | सत्तरी हजार |
| १५ | ावविध | १२० | एक लाख बिस हजार |
| **जम्मा** | | **२५००** | **पच्चिस लाख** |

## २ नं. वडा कार्यालय

बजेटः रु हजारमा

| क.सं. | योजनाको नाम | आ.व. २०७९/०८० को बजेट | अक्षरमा |
|---|---|---|---|
| | **खानेपानी** | | |
| १ | मोठभञ्ज्याङ लिफ्ट खानेपनी | २५० | दुई लाख पचास हजार |
| २ | अर्जेलटार मुहनगरी पुजारीटार खानेपानी | १०० | एक लाख |
| ३ | कोटथोक विभिन्न स्थानमा खानेपानी | १०० | एक लाख |
| ४ | ठाँटी भञ्ज्याङ प्रचिन कुवा | ५० | पचास हजार |
| ५ | सालचौतारा प्रचिन कावा | ५० | पचास हजार |
| ६ | खारपानी मेलगैरि सहरेटार खानेपानी टेयाङ्की निर्माण | १०० | एक लाख |
| | **सिचाई तथा खानेपानी** | | |
| १ | आवश्यकतानुसार सिचाई तथा खानेपानी | २५० | दुई लाख पचास हजार |

| | | | |
|---|---|---|---|
| | कृषि | | |
| २ | कफि विकास कार्यक्रम कविलास | १०० | एक लाख |
| | **मोटरबाटो** | | |
| १ | डि कान्ले राईटोल सुवेदिडाँडा नयाँ बाटो | १०० | एक लाख |
| २ | मिश्रगाउँ पन्घ्रमुरे नयाँ बाटो | १०० | एक लाख |
| ३ | भसभसे कृष्ण मन्दिर खेबहादुर टोल रैकर टोल अधिकारी टोल मोटर बाटो | २०० | दुई लाख |
| ४ | खनाल टोल मोटर बाटो | ५० | पचास हजार |
| | **सत्य बचन प्रमेश्वरी मार्ग दर्शन** | | पचास हजार |
| १ | मोठभञ्ज्याङ | ५० | पचास हजार |
| २ | सुवेदि डाँडा | ५० | पचास हजार |
| ३ | बेसिकठेरी राईटोल | ५० | पचास हजार |
| | **संस्कृति** | | |
| १ | कालिका मन्दिर परिसर निर्माण | २०० | दुइ लाख |
| २ | कपिलेश्वर मन्दिर ब्यवस्थापन | १०० | एक लाख |
| ३ | चण्डेश्वरी मन्दिर चण्डिथान निर्माण | ५० | पचास हजार |
| ४ | मरण पटि निर्माण छापथोक | १०० | एक लाख |
| ५ | जालपा देवि मन्दिर परिसर निर्माण काठेरि | १०० | एक लाख |
| | **सिडि निर्माण तर्फ** | | |
| १ | वडा कार्यालय कोटथोक कालिकास्थान सिडि निर्माण | १५० | एक लाख पचास हजार |
| २ | बोजिनी नवसंजिवनी सिडि निर्माण | २०० | दुई लाख |
| | **बस्ती संरक्षण** | | |
| १ | खोप बहादु श्रेष्ठ | ७५ | पचहत्तर हजार |
| २ | जयराम बोगटी | ५० | पचास हजार |
| ३ | दिपक श्रेष्ठ मैदान | ५० | पचास हजार |
| ४ | पुर्ण बहादुर श्रेष्ठ | ५० | पचास हजार |
| ५ | पाइप खरिद | २७५ | दुइ लाख पचह्त्तर हजार |
| जम्मा | | ३००० | तिस लाख |

## ३ नं. वडा कार्यालय

बजेटः रु हजारमा

| क्र.सं. | योजनाको नाम | आ.व. २०७९/०८० को बजेट | अक्षरमा |
|---|---|---|---|
| १ | आरुखर्के टोल पण्डित टोल खानेपानि ट्याङ्की निर्माण | ४०० | चार लाख |
| २ | गौमति घाट मालामी चौर धोविटार पदमार्ग निर्माण | १०० | एक लाख |
| ३ | रिठा्कोफेद सडक वाल निर्माण | १०० | एक लाख |
| ४ | नयाँ बिरौटो पाच घाँटी सडक तिम्सीना वाल निर्माण | १०० | एक लाख |
| ५ | मुहानेश्वर मन्दीर निर्माण | १०० | एक लाख |
| ६ | पञ्चकान्या मावि वाल निर्माण | २०० | दुइ लाख |
| ७ | मिलडाँडा कोलडाँडा हुँदै एकलेमाने पिपलबोट पदमार्ग निर्माण | १५० | एक लाख पचास हजार |
| ८ | झगडे भित्ता मुहानगरी यागर टोल खानेपनि व्यवस्थापन | १०० | एक लाख |
| ९ | देउजाटोल खानेपानि ब्यवस्थापन पारिश्रमीक | १०० | एक लाख |
| १० | बिष्ट खलक कुलपुजा मन्दिर निर्माण | १५० | एक लाख पचास हजार |
| ११ | स्यनी खोल्ची मुहानगरि मेल घारी लाकुरी सिंचाई | १०० | एक लाख |
| १२ | महभिर मुहानगरी आलेफाँट डाँडा खेत सिंचाई | १०० | एक लाख |
| १३ | देउराली पाटि हुँदै लाकुरी चौतारो पदमार्ग निर्माण | १०० | एक लाख |
| १४ | देउरालि मरण पाटि हुँदै लात्के रैले मोटरबाटो | १०० | एक लाख |
| १५ | मोटे पाखिनटोल झाँक्रिटोल अन्तरेटोल पदमार्ग निर्माण | ५० | पचास हजार |
| १६ | इलाका प्रहरी कार्यालयबाट लामाटोल पदमार्ग निर्माण | ५० | पचास हजार |
| १७ | लाकुरिभञ्ज्याङ बाहुन डाँडा सडक | १०० | एक लाख |
| १८ | मानथोक भजन मण्डल समुह भवन निर्माण | १५० | एक लाख पचास हजार |
| १९ | सिंहदेवि आधारभुत विद्यालय | १०० | एक लाख |

| | | | |
|---|---|---|---|
| २० | तादीखोला राउटार कान्ले लिफ्ट सिंचाई | १०० | एक लाख |
| २१ | सिंहदेवि आँप डाँडा देउराली सडक | १५० | एक लाख पचास हजार |
| २२ | स्कुलडाँडा बिष्टटोल सिमलर्चार सडक नयाँ ट्र्याक | १०० | एक लाख |
| २३ | ढुङ्गेघर टोल लामा टोल पहिरो नियन्त्रण | ५० | पचास हजार |
| २४ | मेलश्वारा मुहानगरी गैराघर लोप्चन टोल सोह्रमाने खानेपानि व्यवस्थापन | १०० | एक लाख |
| २५ | डल्टार चौतारो खानेपानी योजना | ५० | पचास हजार |
| २६ | धोविखोला छाँगा माुहानगरी माथिल्लो आलेफाँट सिंचाइ | ५० | पचास हजार |
| २७ | ठुलोखोला माुहानगरी ठुलोखेत सिंचाइ | ५० | पचास हजार |
| **जम्मा** | | ३००० | **तिस लाख** |

# ४ नं. वडा कार्यालय

बजेटः रु हजारमा

| क्र.सं. | योजनाको नाम | आ.व. २०७९/०८० को बजेट | अक्षरमा |
|---|---|---|---|
| १ | वडा कार्यालय स्थानन्तरण तथा व्यवस्थापन | २०० | दुई लाख |
| २ | वडा कार्यालय मसलन्द तथा अन्य खर्च | १०० | एक लाख |
| ३ | विभिन्न दिवस, कार्यक्रम तथा सार्वजनिक सुनुवाई | १०० | एक लाख |
| ४ | धोबीटार साविक थप्रेक वडा नं. ९, ८, ५ हुदै पशुपती जोड्ने सडक स्तरोन्नती | १०० | एक लाख |
| ५ | कुलकुले- पुरानो स्वास्थ्य चौकी - हिले- वडा कार्यालय -घर्तिरुम्टा हुदै सातविसे सडक स्तरोन्नती | १०० | एक लाख |
| ६ | बरेडाँडा डाँडाको मोडपाटो हुदै जामुने चनौटे जोड्ने नयाँ मोटर बाटो निर्माण | १०० | एक लाख |

| | | | |
|---|---|---|---|
| ७ | लामाटोल,नेवारटोल,वारुटोल,मजुवा हुदै वालकुमारी जोड्ने सडक स्तरोन्नती | १०० | एक लाख |
| ८ | बताँसे हुदै कालिबन्जार जोड्ने नयाँ मोटर बाटो निर्माण | १०० | एक लाख |
| ९ | **हिले कालिकादेवि मन्दिर निर्माण** | १०० | एक लाख |
| १० | **कार्किटोल शिवमन्दिर निर्माण** | १०० | एक लाख |
| ११ | **कुलडाँडा मरण पाटी निर्माण साविक २ नं.** | २०० | दुई लाख |
| १२ | **ठुलो मरण पाटी साविक थप्रेक २ निर्माण** | २०० | दुई लाख |
| १३ | **गणेश मन्दिर निर्माण** | १०० | एक लाख |
| १४ | **दमाईडाडा सुन्दरादेवी मन्दिर कम्पाउण्ड निर्माण** | १०० | एक लाख |
| १५ | **पाँचमुरे थिङटोल मरण पाटी निर्माण** | १०० | एक लाख |
| १६ | **हार्पाटे मुहान गरी अर्जुन कार्की टोल खानेपानी** | १०० | एक लाख |
| १७ | **सैरेनी खानेपानी निर्माण** | १०० | एक लाख |
| १८ | **सिंगारे घट्टेखोला तिनघरे हुँदै कुन्जेवारी सिचाँई मर्मत** | १०० | एक लाख |
| १९ | **सिंगारे घट्टेखोला तिनघरे हुँदै कुन्जेवारी सिचाँई मर्मत** | १०० | एक लाख |
| २० | **अनेरीखोला पहिरे विरौटा चापटारी फाँट सिचाँई कुलो मर्मत** | १०० | एक लाख |
| २१ | **माथिल्लो घट्टेखोला मुहान गरी अरानीखेत सिचाई कुलो मर्मत** | १०० | एक लाख |
| २२ | **ल्योज्याङ घर निर्माण मझुवा** | २०० | दुई लाख |
| २३ | **कुलकुले तामाङ समुह ल्योज्याङ तथा महिला भवन निर्माण** | २०० | दुई लाख |
| २४ | **दमाईडाँडा पहिरो नियन्त्रण** | २०० | दुई लाख |
| **जम्मा** | | ३००० | तिस लाख |

# ५ नं. वडा कार्यालय

बजेटः रु हजारमा

| क.सं. | योजनाको नाम | आ.व. २०७९/०८० को बजेट | अक्षरमा |
|---|---|---|---|
| **सडक निर्माण तर्फ (मर्मत तर्फ) :** | | | |
| १ | शिवालय नयाँ बस्ती लामिछाने दोबाटो सडक मर्मत । | १५० | एक लाख पचास हजार |
| २ | बुढिशेरा बच्छला मा.वि. लाकुरीभञ्ज्याङ्ग सडक । | २०० | दुइ लाख |
| ३ | लामिटार सुन्तलेटार हुँदै सुन्दरादेवीस्थान सडक मर्मत । | १०० | एक लाख |
| ४ | लामिटार न्वारटोल झालुङ्गे पुल सडक मर्मत । | १०० | एक लाख |
| ५ | बरको बोट डिल नयाँ गाँउ सत्तरीपुल जोड्ने सडक । | १५० | एक लाख पचास |
| ६ | लिच्चिको बोट हुँदै अधिकारी टोल सडक विस्तार । | १०० | एक लाख |
| **जम्मा** | | **८००** | आठ लाख |
| **सिंचाई तर्फ** | | **२००** | दुइ लाख |
| **खानेपानी तर्फ :** | | | |
| १ | शिवालय खानेपानी मर्मत । | ३० | तिस हजार |
| २ | काभ्रे मुहान गरी कमर टोल सुवेदीटोल खानेपानी । | ३० | तिस हजार |
| ३ | बिउरीनी मुहान गरी भट्टीटोल खानेपानी । | १५० | एक लाख पचास हजार |
| ४ | नर्सरी मुहान गरी नामरुङ प्रा.वि. खानेपानी । | ५० | पचास हजार |
| ५ | वैद्य टोल खानेपानी । | ३० | तिस हजार |
| ६ | ठुलोपाटो मिजारटोल खानेपानी । | ८० | असी हजार |
| ७ | कल्लेरी मुहान गरी मुक्तानटोल चौतारा हुँदै लामिछाने टोल खानेपानी । | ८० | असी हजार |
| ८ | सिस्नेघारी मुहान गरी साविक ६ र साविक ७ को खानेपानी मर्मत । | ५० | पचास हजार |
| ९ | अधेंरीखोला हुँदै दमाईटोल खानेपानी | ५० | पचास हजार |
| १० | करमी फगटो हुँदै अधिकारी टोल | ४० | चालिस हजार |

| | | | |
|---|---|---|---|
| | जम्मा | **५९०** | पाच लाख नब्बे हजार |
| **भवन तर्फ :** | | | |
| १ | वडा कार्यालय भवन निर्माण । (५ नं. वडा कार्यालय) | ५० | पचास हजार |
| २ | जोगिमारा सल्लाघारी मरणपाटी मर्मत । | ५० | पचास हजार |
| ३ | त्रिवेणीधाम प्रतिक्षालय निर्माण । | १०० | एक लाख |
| | | **२००** | दुई लाख |
| **दलित तर्फ :** | | | |
| १ | परम्परागत आरन सुधार | ३० | तिस हजार |
| २ | मौलिक पञ्चेबाजा प्रवर्द्धन कार्यक्रम | ३० | तिस हजार |
| | | **६०** | साठी हजार |
| **मन्दिर तर्फ :** | | | |
| १ | कुण्डला मन्दिर छाना मर्मत । | ५० | पचास हजार |
| २ | राम्चे चौतारा बुद्ध मन्दिर मर्मत । | ५० | पचास हजार |
| ३ | सुन्तलेटार चौतारा कृष्ण मन्दिर निर्माण । | ५० | पचास हजार |
| ४ | राम्चे चौतारा निर्माण । | १०० | एक लाख |
| | | **२५०** | दुइ लाख पचास हजार |
| **कृषि तर्फ :** | | | |
| १ | कृषि नर्सरी । | ५० | पचास हजार |
| २ | कृषि नर्सरी तथा फलफुल नर्सरी । | ५० | पचास हजार |
| | | **१००** | एक लाख |
| **स्वास्थ्य तर्फ :** | | | |
| १ | भद्रुटार स्वास्थ्य चौकी मर्मत । | ५० | पचास हजार |
| २ | जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम । | ५० | पचास हजार |
| | | **१००** | एक लाख |
| **शिक्षा तर्फ :** | | | |
| १ | भेडावारी मा.वि. | | |
| २ | कुण्डला मा.वि. | | |
| ३ | बच्छला मा.वि. | | |
| ४ | सुन्दारा आ.वि. | | |

| | | | |
|---|---|---|---|
| ५ | नामरुङ देवी आ.वि. | | |
| ६ | नवज्योति आ.वि. | | |
| ७ | दुप्चेश्वर आ.वि. | | |
| | **जम्मा शिक्षा तर्फ** | २०० | दुई लाख |
| | (प्रत्येक विद्यालयबाट उत्कृष्ट नम्बर लेराई अथवा जेहेन्दार विद्यार्थीलाई कपि, कलम, डटपेन व्यवस्थापन गर्ने, SEE पास गर्ने उच्च नम्बर लेराउने विद्यार्थीलाई पुरस्कृत गर्ने ।) | | |
| **भैपरी आउने शिर्षक तर्फ :** | | | |
| | भैपरी आउने खर्च | ५०० | पाच लाख |
| | | ३००० | तिस लाख |

## संघीय सरकार सर्शत अनुदान

रु. हजारमा

| कार्यक्रम | जम्मा रकम | **जम्मा रकम अक्षरमा** |
|---|---|---|
| **लघु उद्यम विकास कार्यक्रम** | ३००० | तीस लाख |
